# मुसिकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम)

**Catalogue Shopping विधिवाट डिजिटल एक्सरे मेशिन खरिद सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति :२०७६/०१/१३

यस मुसिकोट नगरपालिका अन्तरगत जिल्ला अस्पताल कार्यालय सल्ले रुकुम पश्चिमका लागि आ.ब.२०७५/२०७६ मा डिजिटल एक्सरे मेशिन सिलबन्दी बोलपत्र खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक व्यक्ति,फर्म, कम्पनी वा संस्थाहरुवाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१)बोलपत्र फाराम खरिद गर्न इच्छुक फर्म,उद्योग,कम्पनी वा संस्थाहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ७ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.ब.को लागि नविकरण भएको फर्म दर्ता प्रमाण पत्र ,स्थायी लेखा दर्ता प्रमाण पत्र,मू.अ.कर दर्ता प्रमाण पत्र एवं आ.ब.२०७५/०७६ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी लिखित निवेदन पेश गरी बोलपत्र राजश्व दस्तुर रु ३०००/- फिर्ता नहुने गरी बुझाई यस मुसिकोट नगर कार्यपालिकाको कार्यालय रुकुम (पश्चिम)वाट खरिद गर्न सकिनेछ।

२) खरिद गरिएको शिलबन्दी बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२:०० बजेभित्र यस नगर कार्यपालिकाको नाममा सम्बोधन गरी फाराम पेश गर्नेको नाम,ठेगाना र फोन नं.उल्लेख गरी सहिछाप गरी शिलबन्दी लाहाछाप लगाई खामको बाहिर कामको विवरण,ठेक्का नं.समेत उल्लेख गरी यस नगरकार्यपालिकाको कार्यालयमा तोकिएको समयभित्रै दर्ता गराई सक्नुपर्ने छ । सो शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिन दिउसो २:०० बजे विभिन्न कार्यालयको प्रतिनिधि र बोलपत्रदाता वा निजहरुले अख्तियारीनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात शिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

४) सिलबन्दी बोलपत्रसाथ जमानत वापत तपशिलमा उल्लेख गरेबमोजिमको जमानत रकम मुसिकोट नगरकार्यपालिका कार्यालयको नाममा नेपाल बैंक लिमिटेड शाखा कार्यालय रुकुममा रहेको धरौटी खाता नं. ०७७०३०००००००००३०००००८ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस नगरकार्यपालिकाको नाममा मान्यता प्राप्त बैंकवाट जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनवाट गणना हुनेगरी १२० दिन अवधि रहेको सक्कल बैंक जमानीपत्र संलग्न गरी पेश गर्नुपर्नेछ ।

५) दररेट अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६) म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश गरेको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

७) शिलबन्दी बोलपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यसमा उल्लेखनभएका हकमा सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ र मुसिकोट नगरपालिका सार्वजनिक खरिद नियमावली साथै नेपाल सरकारका अन्य प्रचलित ऐन,नियमहरु बमोजिम हुनेछन् ।

८) शिलबन्दी बोलपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सो भोलीपल्ट कार्यालय खुलेको दिन हुनेछ ।

९) शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०) अन्य कुरा बुझ्नु परेमा यस नगरकार्यपालिकाको कार्यालयमा आई बुझ्न सकिने छ ।

| क.स. | ठेक्का नं. | कामको विवरण | रकम | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | MUN १२/०७५/०७६ | डिजिटल एक्सरे मेशिन खरिद | २४,०००००/- (भ्याट सहित) | कबोल अंकको न्यूनतम २.५% | |

प्रमुख प्रशासकीय अधिकृत

प्रमूख प्रशासकीय अधिकृत
मुसिकोट नगरपालिका
रुकुम (पश्चिम)